# मिति २०७५।१०।४ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय

१) इलाम नगरपालिकाअन्तर्गत इस्टमेट तयार भई सकेका विकास निर्माण योजनाहरुको संझौता गर्ने कार्य ७ दिन भित्रमा तदारुकताका साथ सम्पन्न गर्ने, इस्टमेट गर्न बाँकी योजनाहरुको इस्टमेट तयार गर्ने कार्यमा शीघ्रता दिने र विविध कारणबस उपभोक्ता समिति गठन हुन नसकी तोकिएको समयभित्र संझौता नभएका योजनाहरुको हकमा ठेक्का प्रक्रियामा लैजाने निर्णय गरियो ।

२) इलाम नगरपालिका, नगर प्रहरी व्यवस्थापन ऐन, २०७५ बमोजिम तत्काललाई निम्नानुसारका दरबन्दीहरुमा कर्मचारी तलवभत्ता शीर्षक खर्च संकेत नं. २११११ बाट खर्च लेख्ने गरी करार सेवाबाट कर्मचारी व्यवस्था गर्न सूचना आव्हान गर्ने निर्णय गरियो ।

निम्न :

नगर प्रहरी नायव निरीक्षक (पाँचौ) – १

नगर प्रहरी सहायक निरीक्षक (चौथो) – १

नगर प्रहरी जवान (दोस्रो) – ५ (२ महिलासहित)

हलुका सवारी चालक – २

३) नारी विकास संघ, क्षेत्रीय कार्य समिति, इलामको च.नं. ३८ मिति २०७५।९।२९ को पत्रमा छलफल हुँदा साविकमा न.पा. भवन भत्किएको अवस्थामा इलाम नगरपालिकाले सो संघको भवन तथा कम्पाउण्ड भाडामा लिदा सो संघको कम्पाउण्डमा निर्माण गरेको पार्किङ्ग ट्रस तथा तारवार सो संघलाई हस्तान्तरण गरि दिने निर्णय गरियो ।

४) जिल्ला समन्वय समिति इलामका प्रमुख श्री गणेशप्रसाद बरालको अध्यक्षतामा मिति २०७५।९।२ गतेका दिन इलाममा मेडिकल कलेज स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्न नेपाल सरकारबाट खटिएको टोलीका सदस्यहरु शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव श्री बिष्णुप्रसाद मिश्र र विश्व विद्यालय अनुदान आयोगका योजना अधिकृत श्री बिनोद भट्टराई, इलाम नगरपालिका प्रमुख श्री महेश बस्नेत, शिक्षा एकाइ प्रमुख श्री होमनाथ भण्डारी, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु बीच बैठक सम्पन्न भई मेडिकल कलेजको लागि सम्भाव्य जग्गाहरु पहिचान भएको हुँदा मेडिकल कलेजका लागि जग्गा उपलब्ध गराई सहज गराउने कार्यमा इलाम नगरपालिकाबाट पहल गर्ने निर्णय गरियो ।

५) इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयलाई सूचना प्रविधि मैत्री बनाउन तथा हाल भइरहेको इन्टरनेटको मासिक खर्च न्यूनीकरण तथा कार्यालय आफ्नै नयाँ भवनमा सर्नु पर्ने र तत्कालै सञ्चारको व्यवस्था नमिलाए कार्यालयको कामकाज अवरुद्ध हुने हुनाले इलाम नगरपालिकाअन्तर्गत चालु आ.ब. २०७५।०७६ को योजना कितावको सि.नं. १ खर्च संकेत नं. २११११ मा विनियोजित बजेटबाट रु १५,००,०००।०० रकमान्तर गरी इन्ट्रानेट जडान गर्न मितव्ययी हुने भएकोले सो रु १५ लाखबाट उपकरण खरिद कार्यमा रु ५ लाख, उपकरण जडान समेत परामर्श सेवामा रु ५ लाख र टावर निर्माणमा रु. ५ लाख रकम छुट्टाछुट्टै सम्बन्धित खर्च शीर्षकबाट सोझै खरिद गरी खर्च गर्ने निर्णय गरियो ।